नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फयाक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं.

पत्र संख्या :- ०८१/८२
चलानी नं.:- १८००

मितिः २०८२/०१/१२

**विषयः** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री मुहान हाइड्रोपावर प्रा. लि.
मध्यपुर थिमी नगरपालिका, वडा नं ०१, भक्तपुर, नेपाल ।
फो नं.: ९८५१०६९५१९

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित खार्ता खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले सो कागजात/विवरणहरु पेश गर्नु हुन विभागको मिति २०८२/०१/११को निर्णयानुसार जानकारी गराइन्छ ।

क) प्रस्तावित क्षेत्र गौरीशंकर संरक्षण क्षेत्र भित्र पर्ने देखिएको हुनाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १२(५) बमोजिम **छ महिना** भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र । सो समयमा वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश हुन नसकेमा प्रस्तुत दरखास्तमाथि कारवाही गर्न नसकिने हुँदा दरखास्त रद्द हुनेछ ।

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पैतिस (३५)** दिनको समयावधि भित्र निम्न विवरणहरु

१. विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
२. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि
३. परामर्श दातृ संस्था सँग सम्भाव्यता अध्ययनको लागि भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(डा. आस्था भट्ट)
इन्जिनियर